आज मिति २०८२ साउन २८ गतेका दिन विहान ८:०० बजे यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा.२)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :- श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिश्चन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

प्रमुख प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

अन्य उपस्थिति :

इन्जिनियर :- श्री सुरेश गौतम

लेखा अधिकृत :- श्री मनि राना मगर

सहायक प्रशासकीय अधिकृत :- श्री अनिल कुमार गुरुङ



CamScanner

**मिति २०८२ साउन २८ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु:**

**निर्णय नं. १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।**

मिति २०८२/०४/०६ को मर्स्याङदी गाउपालिकाको गाउं कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था बारे यस बैठकमा समिक्षा गरियो। साथै कार्य प्रगति बारे वडा अध्यक्ष ज्यूहरुको रिपोर्टिङ भयो। समिक्षा र रिपोर्टिङको क्रममा बैठकमा उठेका विषयहरुमा छलफल भयो।

**निर्णय नं. २ : संघ विशेष अनुदान (खुदीखोला तटबन्ध) ठेक्का सम्बन्धमा।**

यस मर्स्याङदी गाउँपालिका वडा नं ३ र ९ मा पर्ने खुदीखोलामा तटबन्ध निर्माणको लागी खुदीखोला तटबन्ध (विपद जोखिम न्युनिकरण) संघीय सरकार, विशेष अनुदान तर्फबाट छनौट भई लागत २,००,००,०००.०० (अक्षरुपी दुई करोड रुपैया मात्र) २ वर्ष अवधी सहित यस बर्षका लागि ९०,००,०००.०० (अक्षरुपी नब्बे लाख रुपैया मात्र) बजेट विनियोजित भएकोमा उक्त योजनालाई क्रमागत हुने गरी आउने वर्ष पनि प्राथमिकतामा राखे सहमतीका साथ उक्त योजनालाई थप व्यवस्थित र प्रभावकारी बनाउनका निम्ति आउने आ.व. भित्र निर्माण कार्य सक्ने गरी वहुवर्षिय योजनाको रुपमा रु २,००,००,०००.०० (अक्षरुपी दुई करोड रुपैया मात्र) बराबर रकमको एकमुष्ठ ठेक्का निकाल्ने निर्णय गरियो।

**निर्णय नं. ३ : संघ समपुरक (खुदी-घनपोखरा-नाँयु सडक) ठेक्का सम्बन्धमा।**

यस मर्स्याङदी गाउँपालिका वडा नं ९,२ र १ स्थानीय तहको केन्द्र जोड्ने खुदी-घनपोखरा-नाँयू सडक संघीय सरकार, समपुरक अनुदान तर्फबाट क्रमागत योजनामा छनौट भई ७,००,००,०००.०० (अक्षरुपीः सात करोड रुपैया मात्र) तिन वर्ष अवधी सहित बजेट विनियोजित भएकोमा समपुरक अन्तरगत उक्त योजनाकोलागी यस गाउँपालिकाको तर्फबाट नियमित ४०% भागमा पर्न आउने बजेट मध्ये यस वर्ष ७०,००,०००.०० (अक्षरुपी सत्तरी लाख रुपैया मात्र) छुट्याईएको साथै उक्त योजनालाई थप व्यवस्थित र प्रभावकारी बनाउनका निम्ति आउने ३ आ.व. भित्र निर्माण कार्य सम्पन्न हुने र आउने वर्षहरुमा पनि प्राथमिकतामा राखे सहमती गरी वहुवर्षिय योजनाको रुपमा कुल ७ करोड बराबर रकमको स्रोत सुनिश्चितता गरी एकमुष्ठ ठेक्का निकाल्ने निर्णय गरियो।

**निर्णय नं. ४ : सिम्पानी स्वास्थ्य चौकी निर्माणको ठेक्का सम्बन्धमा।**

यस मर्स्याङदी गाउँपालिका वडा नं ९ मा पर्ने सिम्पानी स्वास्थ्य चौकीको लागी हिमालयन यात्रा फाउण्डेसनबाट स्वास्थ्य चौकी निर्माण कार्यको लागी दातृ संस्था **Community Foundation New Jersy USA** बाट आर्थिक सहयोगका लागि प्रतिबध्दता तथा समाज कल्याण परिषद्बाट कार्यक्रम स्वीकृत भईसकेको हुनाले पालिकासंगको सहमति अनुरुप रु १,५०,००,०००.०० (अक्षरुपी एक करोड पचास लाख रुपैया मात्र) बराबरको भवन निर्माणको लागी ठेक्का प्रकृया अगाडी बढाउनुहुन अनुरोधका साथ मितिः२०८२-०४-१८ गतेको पत्र प्राप्त भई आएकाले उक्त पत्रानुसार १५ महिना भित्र निर्माण कार्य सम्पन्न हुने गरी रु १,५०,००,०००.०० (अक्षरुपी एक करोड पचास लाख रुपैया मात्र) बराबर रकमको ठेक्का निकाल्ने निर्णय गरियो।

**निर्णय नं. ५ : कार्यविधिहरु पारित गर्ने सम्बन्धमा।**



अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष

मर्स्याङ्दी गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, व्यवस्थित, अझ नतिजामूखी वनाउनको लागि तपसिल बमोजिमका कार्यविधिहरु यस मर्स्याङ्दी गाउँपालिका गाउँ कार्यपालिकाको वैठकले सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो ।

निम्न :

१. मर्स्याङ्दी गाउँपालिकाको खेलकुद्र विकास कार्यविधि २०८२
२. मर्स्याङ्दी गाउँपालिकाको खेलाडी प्रोत्साहन कार्यविधि २०८२
३. नविकरणीय उर्जा वितरण सम्वन्धी कार्यविधि २०८२
४. विद्यालयमा स्वयमसेवक शिक्षक परिचालन कार्यविधि २०८२

**निर्णय नं: ६ : कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बिउ बैंक सुदृढीकरण कार्यक्रम सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिका कृषि विकास शाखाको चालु आ.व. २०८२/८३ को वार्षिक स्विकृत सशर्त हस्तान्तरित कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बिउ बैंक सुदृढीकरण कार्यक्रमका लागि विनियोजित रकम रु. १०,००,०००/-(अक्षररुपी दस लाख मात्र) बाट तपशिलको क्रियाकलाप सञ्चालन गर्ने गरी बजेट बाँडफाँड गर्ने निर्णय गरियो।

तपशिल:

| क्र.सं | क्रियाकलाप | विवरण | बजेट रू. |
|---|---|---|---|
| १ | कार्यपालिका तथा सरोकारवाला निकायहरूका लागि कृषि जैविक विविधता संरक्षण, उपयोग तथा प्रवर्द्धन विषयमा अन्तरक्रिया गोष्ठी वा किसान भेला | १ दिने कार्यक्रम, जिल्ला तथा पालिका तहका सरोकारवाला सहित १५० जना सहभागि | १,००,००० |
| २ | मर्स्याङ्दी गाउँपालिका स्तरीय कृषि जैविक विविधता प्रदर्शनी मेला आयोजना | प्रत्येक वडाबाट कम्तीमा एउटा कृषि सहकारी संस्था वा कृषक समूह सहभागि हुने, प्रदर्शनीका क्रममा स्थानीय बाली विविधता अभिलेखीकरण गर्ने र तत्पश्चात उक्त अखिलेखीकरण विश्लेषण गरी त्यसैका अधारमा आ.वं. २०८३/०८४ का लागि वार्षिक योजना तर्जुमा गर्ने | १,००,००० |
| ३ | बरियो कागुनो बीउ ब्राण्डिङ तथा बजारीकरण | बीउ प्रमाणीकरण, प्याकिङ तथा बजारीकरण (घनपोखरा सामुदायिक बीउ बैंक) | ५०,००० |
| ४ | घनपोखरा सामुदायिक बीउ बैंक सुदृढीकरण | गत आ.व. मा सञ्चालित सामुदायिक बीउ बैंक व्यवस्थापन तालिमको प्रतिवेदनमा समावेश गरिएको योजनामा आधारित भएर | १,५०,००० |

अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ५ | राष्ट्रिय कृषि जैविक विविधता दिवस मनाउने | माघ पहिलो हप्ता, १ दिने कार्यक्रम, माध्यमिक विद्यालय तहका विद्यार्थीहरूका विच स्थानीय बाली विविधताको महत्व विषयमा निबन्ध वा वक्तृत्वकला वा अन्य कार्यक्रम गर्न सकिने | ५०,००० |
| ६ | कृषि जैविक विविधता संरक्षण, उपयोग तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि तयारी तथा कार्यपालिकाबाट अनुमोदन | सामुदायिक बीउ बैंक संघ नेपालले मस्यौदा उपलब्ध गराउने | १०,००० |
| ७ | सामुदायिक कृषि जैविक विविधता अभिलेख तयार गर्ने | | २,००,००० |
| ८ | कृषि जैविक विविधता संरक्षक कृषक/ समुदाय/संस्थालाई सम्मान तथा डकुमेन्ट्री तयार | स्थानिय स्तरमा कृषि जैविक विविधता संरक्षण र व्यवस्थापनमा कृयाशिल कृषक, संस्था, सहकारी, अभियान्ता तथा योगदान पुर्याउने व्यक्तिलाई नगद पुरस्कार सहित सार्वजनिक सम्मान गर्ने र उनिहरुको कार्यको डोकुमेन्ट्री तयार | १,००,००० |
| ९ | कृषि जैविक विविधतायुक्त बिउ पोको वितरण | सामुदायिक बीउ बैंकमा संरक्षित बीउ; सामान्यतया एक सेटमा ३ जातका बीउ, एउटा जातको बीउ परिमाण एक पाउदेखि २ केजी सम्म ५०% अनुदानमा वितरण गर्ने | १,००,००० |
| १० | कन्दमुल तथा जरेबाली खेती कार्यक्रम | कन्दमुल र खानयोग्य जंगली वनस्पतिको संरक्षण र उपयोग गर्ने क्रियाकलापः कृषक तालिम, जग्गा सुधार सहयोग, बार बन्देज, बीउ तथा बेर्ना खरिद वा तयारी सहयोग, मुल्य अभिवृद्धि तथा बजारिकरण सहयोग आदि संचालन गर्ने | १,४०,००० |
| | जम्मा रू | | १०,००,००० |

**निर्णय नं. ७ : स्थानीय गाउँ शिक्षा समितिले गरेको निर्णय अनुमोदन सम्बन्धमा ।**

मिति २०८२ साउन १२ गते बसेको स्थानीय गाउँ शिक्षा समितिले गरेको बैठकको निर्णयहरु र मिति २०८२ साउन १९ गते बसेको शिक्षक दरबन्दि मिलान सम्बन्धि २०८२ साउन १२ गतेको स्थानीय शिक्षा समितिको बैठकको निर्णय अनुसार गठित कार्यदलको बैठकको निर्णयहरु अनुमोदन गर्न निर्णय गरियो ।

अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ८ : किसान सूचिकरण कार्यक्रम सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिका कृषि विकास शाखाको चालु आ.व. २०८२/८३ को वार्षिक स्विकृत सशर्त हस्तान्तरित किसान सूचिकरण कार्यक्रमका लागि विनियोजित रकम रु. ३,४५,०००/-(अक्षररुपी तिन लाख पैंतालिस हजार मात्र) बाट तपशिलको क्रियाकलाप सञ्चालन गर्ने गरी बजेट बाँडफाँड गर्ने निर्णय गरियो।

| क्र.सं | क्रियाकलाप | विवरण | बजेट रू. |
|---|---|---|---|
| १ | किसान सूचिकरण सहजकर्ता (गणक) छनौट | बैठक, सूचना प्रकाशन, परिक्षा, अन्तर्वार्ता (९ जना गणक छनौट) | २०,००० |
| २ | किसान सूचिकरण सहजकर्ता (गणक) तथा सम्बन्धित कर्मचारीको अभिमुखिकरण तालिम | प्रशिक्षक भत्ता, प्रशिक्षण पारिश्रमिक, सहभागी भत्ता, मसलन्द, इत्यादि। | २२,००० |
| ३ | उच्च गतिमा इन्टरनेट चल्ने ल्याप्टप खरिद | ल्यापटप | १,००,००० |
| ५ | गणक पारिश्रमिक | प्रति घरधुरी रु. १००, सञ्चार खरच एकमुष्ट प्रति गणक रु.१००० | १,८८,००० |
| ६ | कार्यक्रम व्यवस्थापन | तथ्याङ्क प्रविष्ट, फिल्ड अनुगमन | १५,००० |
| | जम्मा रू | | ३,४५,००० |

**निर्णय नं. ९ : भिरमह शिकारलाई पर्यटन सँग जोड्ने सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकामा परम्परागत रुपमा भिर मह शिकार गर्ने गरेको, पछिल्लो समयमा यो पर्यटकहरुको रोजाईको रुपमा विकास हुदै गरेको र मह निकासी गरि आम्दानी समेत गर्न शुरु गरेको अवस्थामा भिर मह शिकारलाई व्यवस्थित वनाउँदै पर्यटन सँग जोड्नका साथै आम्दानीको श्रोतको रुपमा विकास गर्न सामुहिक छलफल कार्यक्रम आयोजना गरि पालिका भरिको भिर मह शिकार गर्ने वार्षिक समयतालिका निर्धारण गरी व्यापक प्रचारप्रसारमा ल्याई आन्तरिक तथा बाह्र्य पर्यटकहरुलाई आमन्त्रण गर्दै पर्यटन प्रवर्द्धनमा जोड दिने निर्णय गरियो ।

**निर्णय नं. १० : डादीको मोटरेवल पुलको जिपको जग मर्मत सम्बन्धमा ।**

मिति २०८२ साउन २० गते डादी खोलामा आएको बांढीले डादी खोलामा रहेको मोटरेवल बेलीब्रिजको वडा नं. ७ तर्फको जग भत्काएको र तत्काल मर्मत नगर्दा अरु थप भत्किन गई थप क्षति हुन सक्ने र पुलनै खतरामा पर्न सक्ने भएको हुंदा तत्काल सोको मर्मत सम्भार गर्न प्राविधिक ल.ईंको आधारमा भ्याट वाहेक रु. २,२५,०००।- (अक्षरुपी दुई लाख पच्चिस हजार रुपैया) विपद् व्यवस्थान कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष



CamScanner

**निर्णय नं. ११ : वाहुनडाँडा - घेर्मु सडकको डिपिआर गर्ने सम्बन्धमा ।**

वाहुनडांडा देखि घेर्मु सम्म हाल सम्म पनि सडकले नजोडिएको जसमा लिलि भिर खण्ड अत्यन्तै जटिल भएको साथै यो सडक वेसिशहर चामे राजमार्गको समानन्तर सडकको रुपमा मर्स्याङ्दी नदीको अर्को तटीय क्षेत्र भएर जाने र त्यस क्षेत्रको धेरै बस्तिहरुलाई समेट्ने भएको कारण एउटा महत्वपूर्ण सडकको रुपमा लिन सकिन्छ । यस सडक निर्माणको लागि संघ तथा प्रदेश सरकार सँग आवश्यक वजेट माग गर्ने र सोका लागि तत्काल वाहुनडांडा देखि घेर्मु मोटरवेल पुल सम्मको सडक डिपिआर गर्न सेवा र परामर्श खर्च शिर्षकबाट खर्च हुने गरी र अपुग बजेट अन्य शिर्षकबाट रकमान्तर गरि रु.५,००,०००।- (अक्षरुपी पाँच लाख रुपैया) छुट्टाइ यसै कार्यालयमा हालसम्म सुचीकृत फर्महरुलाई पत्राचार गरि सो मध्येबाट सवैभन्दा न्युनतम कबोल गर्ने फर्मलाई कार्यदेश दिने निर्णय गरियो ।

**निर्णय नं. १२ : नदीजन्य पदार्थहरुको ठेक्का प्रकृया सम्बन्धमा।**

यस गाउँपालिकामा रहेको मर्स्याङदी नदिको तोकिएका क्षेत्रवाट दिगो रुपमा ढुङ्गा गिट्टी तथा वालुवा संकलन/उत्खनन कार्य गर्नका लागी अध्ययन टोलि सहित प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन पारित भएको र उक्त प्रतिवेदनमा उल्लेखित तपशिल बमोजिमका घाटहरुबाट परिमाण नबढ्ने गरी ठेक्का प्रकृया अगाडी वढाउने निर्णय गरियो।

तपशिलः

| क्र. स. | वार्ड | अवस्थिति | उत्खनन गर्ने आवस्यक क्षेत्रको नाप | | | | IEE अनुसार उत्खनन गर्न सकिने बार्षिक न.प.को उच्चतम परिमाण (घ.मि.) को ७५% | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थान/घाट | ल. (मि.) | औ. चौ. (मि.) | गहिराई | क्षेत्रफल (ब.मि.) | | |
| १ | ४ | स्याङ्गे सिरचौर | ७२.० | १२.० | ०.७-१.३ | ८६४.० | ५८३.२ | |
| २ | ४ | बङ्गकर क्षेत्र | १३७.० | ९.० | ०.८-१.४ | १२३३.० | १०१७.२ | |
| ३ | ५ | रामबजार नजिक | १३८.० | २३.० | ०.८-१.६ | ३१७४.० | २८५६.६ | |
| ४ | ४ | घोप्टे भिर नजिक | १४२.० | १२.० | ०.८-१.२ | १७०४.० | १२७८.० | |
| ५ | ७ | डादी/विमिरे | १८५.० | ३३.० | ०.८-१.६ | ६१०५.० | ५४९४.५ | |
| ६ | ७ | कत्मे बगर | १८०.० | २१.० | १.०-१.४ | ३७८०.० | ३४०२.० | |
| ७ | ८ | दुले ओडार | १५७.० | १३.० | ०.६-१.४ | २०४१.० | १५३०.८ | |
| ८ | ९ | आङ्गे बगर/बगैचा | ९८.० | १२.० | ०.८-१.६ | ११७६.० | १०५८.४ | |
| | | | | | | कुल जम्मा | १७,२२०.७ | |



अर्जुन गुरुङ
अध्यक्ष

अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

**निर्णय नं. १३ : जग्गा वर्गिकरण गर्ने सम्बन्धमा ।**

यस मर्स्याङदी गाउँपालिकाको भुगोल भित्र पर्ने सम्पूर्ण जग्गाहरुको जग्गा वर्गीकरण गर्नुपर्ने भएको र सो कार्यका लागि सेवा तथा परामर्श शिर्षकवाट खर्च हुने गरी रु ९,५०,०००।- (अक्षरुपी नौ लाख पचार हजार रुपैया मात्र) छुट्टाइ यसै कार्यालयमा हालसम्म सूचीकृत फर्महरुलाई पत्राचार गरि सो मध्येवाट सवैभन्दा न्यूनतम कवोल गर्ने फर्मलाई कायदिश दिने गरी निर्णय गरियो।

**निर्णय नं. १४ : कार्यविधी संसोधन सम्बन्धमा :**

मर्स्याङदी गाउँपालिका एकल पुरुष भत्ता वितरण सम्वन्धी कार्यविधि, २०७६ (पहिलो संसोधित) निम्न बुंदामा देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

| हालका व्यवस्था | संसोधित |
|---|---|
| दफा -३, (एकल पुरुष भत्ता पाउने) को उपदफा - (ग) मा पत्नीको मृत्यु भई अर्को विवाह नगरेको । ६० वर्ष उमेर भई ६८ वर्ष पुरा नभएको | दफा -३, (एकल पुरुष भत्ता पाउने) को उपदफा - ग मा पत्नीको मृत्यु भई अर्को विवाह नगरेको । ६० वर्ष उमेर भई ७० वर्ष पुरा नभएको |

**निर्णय नं. १५ : हलुका सवारी चालकको अतिरिक्त भत्ता सम्बन्धमा ।**

यस कार्यालयमा हलुका सवारी साधन चालकको रुपमा कार्यरत गोविन्द सेढाई कार्यालय समय अतिरिक्त विदाको दिनहरु र विहान बेलुका कार्यालयको काममा सदरमुकाम लागयत पालिकाको विभिन्न स्थानहरुमा जानु पर्ने साथै विभिन्न समयमा कार्यालयको काममा जिल्ला वाहिर जानु पर्ने भएकाले निजलाई अतिरिक्त भत्ता स्वरुप मासिक रु.९,०००।- (अक्षरुपी नौ हजार रुपैया) २०८२ साउन १ गते देखि लागु हुने गरि उपलब्ध गराउने र निजले जिल्ला वाहिर जाँदा नियम अनुसार पाउने दैनिक भ्रमण भत्तालाई समेत यसै सुविधामा समावेश गर्ने समेत निर्णय गरियो ।

अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष